# प्रभाव दैनिक
National Daily



**विज्ञापन व्यवसायमा पारदर्शिता कायम गरौं**

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं ।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं ।
- सञ्चारमाध्यमबाट जारी विजकको आधारमा एजेन्सीको सेवा शुल्क खुलेको बीलबाट मात्र भक्तानी गरौं, गराऔं ।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं ।
- विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष ९ | अंक २६३ | काठमाडौं | आइतबार, ९ माघ २०७९ | Prabhab National Daily | Monday, January 23, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## 'जहाज पुराना हुन्छन्, थोत्रा हुँदैन'



■ **सिबी अधिकारी**

**काठमाडौं–** विमान दुर्घटना भएपछि सधैं एउटै भनाइ दोहोरिने गरेको छ । जहाज थोत्रा भएर दुर्घटना भयो । त्यस्ता, दुर्घटनामा मानवीय कमजोरी पनि औंल्याइन्छ अर्थात् विमानचालकको लापरवाहीले दुर्घटना भएको प्रतिवेदनमा सिफारिस हुन्छन् । कतिपय दुर्घटनामा विमानको इन्जिनको कमोजारीलाई पनि औंल्याइन्छ ।

यही माघ १ गते पोखरामा भएको यती एयरलाइन्सको कलसाइन नाइन-एएनसी (एटिआर-७२-२१२) विमान दुर्घटनमा चालक दलका सदस्यसहित ७२ मध्ये ७१ जनाको निधन भयो भने एक जनाको शव पहिचानको चरणमा छ ।

उक्त विमान पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट करिब १८ मिटर पर सेती नदीको खोचमा दुर्घटनाग्रस्त भएको थियो । तुलनात्मक रूपमा सुरक्षित मानिएको एटिआर विमान दुर्घटनामा परेपछि राष्ट्रिय र अन्तर ाष्ट्रियरूपमा नेपालको हवाई क्षेत्रप्रति चासो हुनु स्वाभाविक हो । बुद्ध एयरका प्राविधिक निर्देशक मंगेश थापाले विमान दर्ताको हिसाबले पुरानो हुने तर थोत्रा नहुने बताए । 'दुर्घटना विमानको 'आयु' सँग सीमित हुँदैन, सधैं विमानलाई पुरानो भनेर दाँजिनु पनि हुँदैन, विमानको विभिन्न तहमा समयसमयमा पाटपूर्जा फेर्नुपर्छ, 'नियमित मर्मतसंहार गरेर उडानयोग्य' अवस्थामा राख्नुपर्छ, समय पुगेपछि इन्जिन र साइकल फेरिन्छ,' उनले भने ।

विमान 'निश्चित सयमा' मा ' पार्टपूर्जाहरू' फेरेर मर्मत गरी उडानयोग्य अवस्थामा राखिने गरेको छ । निश्चित समय पुगेपछि विमानको इन्जिन फेरिन्छ । विमानको 'साइकल' पनि परिवर्तन गरिन्छ । 'जुन विमान कति घण्टा उड्यो र कति साइकल भयो' सोही आधारमा समय समयमा मर्मत गरिन्छ । विमानमा एक 'टेकअफ' मा एक साइकल हुन्छ । विज्ञहरूका भनाइमा एटिआर जहाजको ७० हजार साइकल पूरा भएपछि उडाउन नपाइने नियम छ । त्यो जहाजको इन्जिन राम्रो भए पनि सञ्चालन गर्न पाइँदैन ।

मानवीय क्षतिका हिसाबले नेपालमा आन्तरिकतर्फ हालसम्मकै ठूलो विमान दुर्घटना भएकाले मुलुकको समग्र हवाई क्षेत्र मात्रै हैन कोभिड-१९ महामारीले तंग्रिदै गरेको पर्यटन क्षेत्रमा पनि नकारात्मक असर (**बाँकी पृष्ठ ५ मा**)

# झस्को दिँदै कांग्रेस

राष्ट्रपतिको निर्वाचनमा फरक परिणाम आउन सक्छ
■ **प्रदीप पौडेल**

०००

गठबन्धनकै उम्मेदवार राष्ट्रपति हुने कुरा निश्चित नै छ
■ **जनार्दन शर्मा**




■ **जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रपति विद्यादेवी भण्डारीको दोस्रो कार्यकाल फागुनमा सकिनुअघि नै उक्त पदमा निर्वाचन गर्ने सरकारको तयारी छ । निर्वाचनको मिति भने तोकिन बाँकी छ । तर, राजनीतिक वृत्तमा भावी राष्ट्रपति निर्वाचनको सम्भावित नतिजाबारे अहिल्यै बहस हुन थालेको छ ।

संसद्को ठूलो दल नेपाली कांग्रेसका नेताहरूले राष्ट्रपति निर्वाचनको नतिजा कांग्रेसको पक्षमा आउने दाबी गर्दै आएका छन् । सत्ता गठबन्धनको मुख्य दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई झस्को दिनेगरी कांग्रेस नेताहरूले बारम्बार त्यस्तो दाबी गर्दै आएका हुन् ।

'राष्ट्रपतिको निर्वाचनमा संघीय संसद्का सदस्यले मात्रै भाग लिने होइन । संघीय संसद्का सदस्य र प्रदेशसभाका सदस्यहरू राष्ट्रपतिको निर्वाचनका मतदाता हुन्छन् । त्यसैले राष्ट्रपतिको निर्वाचनमा फरक परिणाम आउन सक्छ,' कांग्रेस सांसद प्रदीप पौडेलले शनिबार भने ।

दुई दिनअघि बिहीबार सभामुख चयनपछि बाहिरिने क्रममा पार्टी महामन्त्रीसमेत रहेका सांसद विश्वप्रकाश शर्माले पनि राष्ट्रपति निर्वाचनमा उम्मेदवार तय गर्ने र जिताइने दाबी गरेका थिए । जित्ने आधार भने खुलाएका थिएनन् । शर्मा र पौडेलले मात्र होइन, अन्य नेताहरूले पनि बारम्बार राष्ट्रपति निर्वाचनमा सभामुख र उपसभामुख पदको जसरी परिणाम नआउने भन्दै आएका छन् ।

अझ प्रवक्ता डा. प्रकाशशरण महतले त राष्ट्रपति निर्वाचनलाई परीक्षाको रूपमा लिएको बताइसके । उनको यो अभिव्यक्तिको अर्थ राष्ट्रपति बनाउनेबारे निकै मिहेनत कांग्रेसले गर्छ भन्ने हो ।

उसो त प्रधानमन्त्री दाहालको मत राष्ट्रपति र उपराष्ट्रपति पद राष्ट्रिय सहमतिका आधारमा टुंग्याउनुपर्ने भन्ने छ । सभामुखको निर्वाचनअघि सर्वदलीय बैठक बालुवाटारमा आह्वान गरेर यसबारे प्रस्तावै राखेका थिए । किनभने, कांग्रेस सांसदहरूले उनलाई गत २६ पुसमा विश्वासको मत दिएका थिए । सोही दिन ओली कांग्रेस सांसदहरूले प्रचण्डलाई दिएको विश्वासको मतले झस्केका थिए ।

उनले त्यहीबेला संसद् बैठकमै भनेका थिए, 'सदाशयताले विश्वासको मत दिएको भए ठीक छ । तर, जाल थापेको वा ढोक्से थापेको भए त्यहाँ माछा पर्नेवाला छैन । माछा अन्तै पर्नेछ ।'

१० पुसमा दाहाल प्रधानमन्त्रीमा नियुक्त हुनुअघि ओलीनिवास बालकोटमा राष्ट्रपति र सभामुख पद एमालेलाई हुने गठबन्धन दलका नेताहरूबीच सहमति भएको थियो । त्यसकै आधारमा बिहीबार एमालेका देवराज घिमिरे प्रतिनिधिसभाका सभामुख निर्वाचित भए । शनिबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की इन्दिरा रानामगर उपसभामुखमा निर्वाचित भइन् ।

अब, छिट्टै हुने निर्वाचन भने राष्ट्रपति र उपराष्ट्रपतिकै हो । राष्ट्रपति एमाले र उपराष्ट्रपति माओवादीको हुने समझदारी गठबन्धनका दलका नेताहरूबीच भएको छ । तर, कांग्रेस नेताहरूले प्रधानमन्त्रीको दल माओवादीको साथ पाइने अपेक्षासहित राष्ट्रपति निर्वाचनको नजिता फरक आउने दाबी गरिरहेका छन् ।


कांग्रेस नेताहरूका यस्ता दाबीको खण्डन भने सांसदसमेत रहेका माओवादीका एक जना उपमहासचिव जनार्दन शर्माले गरेका छन् । उनका अनुसार भावी राष्ट्रपति सत्ता गठबन्धनकै हुनेछ । तर, राष्ट्रपतिको उम्मेदवार को ? यसबारे छलफल हुन बाँकी रहेको बताए । उनले कांग्रेस नेताहरूले राष्ट्रपति निर्वाचनको नतिजा फरक आउँदै भन्दै गठबन्धन फुटाउन चाहेको पनि आरोप लगाएका छन् ।

'राष्ट्रपतिको निर्वाचनको विषय अहिले छलफलमा आएकै छैन । अब बल्ल केही दिनपछि राष्ट्रपतिको निर्वाचनको विषयमा छलफल हुन्छ,' शर्माले भने, 'अहिले हाम्रो गठबन्धनको सरकार छ । गठबन्धनकै उम्मेदवार राष्ट्रपति हुने कुरा निश्चित नै छ ।'

राष्ट्रपति निर्वाचन (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# 'रेमिट्यान्सलाई व्यवस्थित गर्न नीतिगत सुधारका लागि तयार'



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विप्रेषण (रेमिटचान्स) लाई व्यवस्थित गर्न नीतिगत तथा कानुनी सुधारका लागि सरकार तयार रहेको बताएका छन् । प्रवासी नेपाली मञ्च अमेरिकाले शनिबार राति आयोजना गरेको 'रेमिटचान्स एण्ड इन्भेस्टमेन्ट इन नेपाल' विषयक कार्यक्रमलाई 'भर्चुअल' माध्यमबाट सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् ।

अर्थमन्त्री पौडेलले रेमिटचान्सलाई वैधानिक माध्यमबाट भित्रचाउन र उत्पादनमूलक क्षेत्रमा लगानीको अनुकूल वातावरण तयार पार्न आवश्यक सहयोगका लागि सरकार तयार रहेको बताए । 'रेमिटचान्सको ठूलो हिस्सा वैधानिक प्रणालीबाट भित्रचाउन सकेका छैनौं,' उनले भने, 'यसका लागि लिनुपर्ने नीति, गर्नुपर्ने निर्णय र दिनुपर्ने प्रोत्साहनका लागि सरकार तयार छ ।'

रेमिटचान्सबाट भित्रिएको रकम उत्पादन, निर्माण र रोजगारीका साथै नयाँ अवसर सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न सक्ने उनको भनाइ छ । उनले रेमिटचान्सका क्षेत्रमा देखिएका नीतिगत र कानुनी समस्यालाई परिमार्जन र सुधार गर्न तयार रहेको बताए ।

गैरआवासीय नेपालीले उठाएको नागरिकतासम्बन्धी चासोप्रति सरकारको ध्यानाकर्षण भएको बताउँदै उनले गैरआवासीय नेपालीको आर्थिक तथा सामाजिक अधिकारसहितको नागरिकता प्राप्त गर्ने संवैधानिक प्रबन्धअनुसार छिट्टै प्रक्रिया थालनी गर्ने बताए । उनले सहज ढंगले नागरिकता प्राप्त गर्न सकिने र नेपालमा लगानी गर्न थप अनुकूल परिस्थिति सिर्जना हुनेमा विश्वास व्यक्त गरे ।

वैदेशिक लगानी तथा प्रविधिसम्बन्धी ऐनले गैरआवासीय नेपालीलाई विदेशी नागरिकसरह लिएको विषयप्रति आफ्नो ध्यानाकर्षण भएको भन्दै उनले त्यस विषयलाई सम्बोधन गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे । उनले गैरआवासीय नेपालीले नेपालमा आउँदा प्रवेशाज्ञा लिनुपर्ने विषयमा पनि ध्यान गएको र नागरिकतासम्बन्धी विषय समाधान गरेसँगै यो समस्या पनि समाधान हुने बताए । 'नेपालको आर्थिक विकासमा प्रवासमा रहेका गैरआवासीय नेपालीहरूको ठूलो योगदान छ । आागमी दिनमा अझ प्रभावशाली हुँदै छ,' उनले भने, 'रेमिटचान्समात्रै नभई वैदेशिक लगानीका निम्ति पनि नेपालको सद्भावना दूतका रूपमा प्रत्येक प्रवासी र गैरआवासीय नेपालीले भूमिका खेल्नुहुनेछ भन्नेमा विश्वास व्यक्त गर्दछु ।' नेपाल लगानीका निम्ति सुरक्षित स्थान भएको र प्रतिफल पनि दिने स्थान भएको भन्दै उनले यो सन्देश संसारभरका लगानीकर्ताका माझ पुऱ्याइदिन आग्रह पनि गरे ।

कार्यक्रमका सहभागीहरूले विप्रेषणले नेपालको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको भन्दै नेपालको अर्थतन्त्र मजबुत पार्न कृषि, पर्यटन, ऊर्जा, पूर्वाधार, मानवीय संशोधन, औद्योगिकीकरण, सेवा क्षेत्र, सामाजिक सुरक्षालगायतमा जोड दिनुपर्ने सुझाव दिए ।

## फ्रान्स पठाइदिने भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि युरोपेली मुलुक फ्रान्स पठाइदिन्छु भन्दै विभिन्न व्यक्तिबाट रकम लिएर फरार रहेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । फ्रान्स पुगेपछि एक प्रतिष्ठित कृषि कम्पनीमा 'फ्रुट्स किपिङ'को आकर्षक रोजगारी दिलाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले तेजेन्द्र महतलाई पक्राउ गरेको हो ।

फ्रान्समा रोजगारी र आकर्षक आम्दानी हुने लोभ देखाएर प्रतिव्यक्ति १० लाख रूपैयाँ लाग्ने भन्दै पीडितसँग पटक-पटक गरी १९ लाख रूपैयाँ ठगी गरेको अभियोगमा काठमाडौंको सतुंगल बस्ने शुक्लागण्डकी नगरपालिका-८ तनहुँ घर भएका ४६ वर्षीय महतलाई गत बुधबार प्रहरीले पक्राउ गरेको हो । उनलाई उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले सतुंगलबाटै पक्राउ गरेको जनाएको छ । महतले राजेन्द्र राना मगरसमेत गरी तीन जनाबाट फ्रान्समा रोजगारी र अकर्षक तलब हुने भनी प्रलोभनमा पारेर उल्लेखित रकम लिएर फरार भएको बताइएको छ । पीडितबाट रकम संकलन गरी सम्पर्कसमेत नगरी फरार रहेको अवस्थामा उनलाई प्रहरीले पक्राउ गरेको हो ।

वैदेशिक रोजगार विभागले महतलाई पक्राउ गरी उपस्थित गराइदिन आग्रह गर्दै पत्राचार गरेपछि प्रहरीले पक्राउ गरेको अपराध अनुसन्धान कार्यालयका सूचना अधिकृत प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले जानकारी दिए । उनका अनुसार पक्राउ परेका महतलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको छ । विदेशमा आकर्षक तलब प्राप्त हुने लोभमा फस्दा नेपालीहरू दैनिकजसो ठगिँदै आएको विभागका निर्देशक एवं सूचना अधिकारी कृष्णप्रसाद भुसालले बताए । पछिल्लो समय ठगीका घटना बढ्दै गएको भन्दै भुसालले विभागमा थुप्रै उजुरी पर्ने गरेको र नेपाल प्रहरीको समन्वयमा ठगीमा संलग्नहरूलाई पक्राउ गरिरहेको बताए ।


**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

ज्वरो (१००.४ °F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

## तस्बिरमा सोनाम ल्होछारको रौनक






१) ल्होछारको अवसरमा आइतबार अभिभावकबाट टीका लगाएर आशीर्वाद थाप्दै रानीवनका तामाङ समुदाय ।

२) काठमाडौंको टुँडिखेलमा आयोजित ल्होछार सौँस्कृतिक महोत्सवलाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल ।

२) परम्परागत तामाङ पहिरनमा सजिएर खुसी साट्दै कपन निवासी दिदीभाइ ।

४) टुँडिखेलको ल्होछार कार्यक्रममा सहभागी तामाङ बोन्पो (झाँक्री) ।

*तस्बिरहरू: रासस/सामाजिक सञ्जाल*

# ‘राष्ट्रिय संस्कृतिहरूको संरक्षण गर्ने दायित्व राज्यको हो’

■ प्रभाव संवाददाता




**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले विगतको सामन्ती राज्यका कारण नेपालका धेरै संस्कृति लोप हुन पुगेको बताएका छन् । आइतबार सोनाम ल्होछारको अवसरमा टुँडिखेलमा आयोजित ल्होछार सांस्कृतिक समारोहलाई सम्बोधन गर्दै उनले पाश्चात्य संस्कृतिले राष्ट्रिय संस्कृतिलाई विस्थापन गर्दै लगेको बताए ।

‘विगतको सामन्ती राज्यले एउटालाई काखा र अरुलाई पाखा गर्नाले नेपालका धेरै संस्कृति लोप भएर जाँदै छन् । मानव सभ्यता मर्दैछ,’ प्रधानमन्त्री दाहालले भने, ‘अर्कातिर पाश्चात्य संस्कृतिले राष्ट्रिय संस्कृतिलाई विस्थापन गर्दै छ ।’

उनले तामाङ जीवनमा ल्हो परम्पराको ज्यादै ठूलो महत्त्व रहेको बताए । यो परम्पराले धार्मिक, सामाजिक, आर्थिक, सांस्कृतिक र स्वास्थ्य जीवनको क्षेत्रमासमेत विशेष महत्त्व राख्ने प्रधानमन्त्री दाहालको भनाइ छ । ‘नेपालको राष्ट्रिय संस्कृतिको एउटा कडी ल्होछार परम्परा र तामाङ संस्कृति हो । ल्होछार विश्वकै सबैभन्दा पुरानो सांस्कृतिक परम्परा हो,’ उनले भने, ‘ त्यसैले ल्होछार पर्व केवल तामाङ समुदायको मात्र होइन, यो राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्व पनि हो ।’ नेपालमा यस्ता ऐतिहासिक एवं वैज्ञानिक महत्त्व बोकेका थुप्रै पर्व रहेको उनले उल्लेख गरे । ती सबै राष्ट्रिय संस्कृतिको प्रवर्द्धन गर्नु राज्यको दायित्व हुने उनले बताए ।

सभ्यता र संस्कृतिमा नेपाल विश्वमै वैभवशाली भएको प्रधानमन्त्री दाहालको भनाइ थियो । उनले नेपालको कला, संस्कृति र सभ्यताको आफ्नै मौलिकता र विशेषता रहेको उल्लेख गरे । नेपाल पूर्व, पश्चिम, उत्तर र दक्षिणका प्रमुख सभ्यताको संगमस्थल भएको उल्लेख गर्दै उनले यहाँ १२५ जातजाति, १२३ भाषाभाषी र १० भन्दा बढी धर्म मान्ने समुदाय बसोबास गर्ने बताए । नेपालमा बसोबास गर्ने सबै जाति/जातजातिको आ-आफ्नो परम्परा, रीतिरिवाज र संस्कृति रहेका र यी सबै संस्कृतिको समग्रता तथा एकीकृतस्वरूप नै नेपालको राष्ट्रिय संस्कृति भएको प्रधानमन्त्री दाहालले उल्लेख गरे ।

‘हाम्रो देश बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक हुनु नै नेपाल र नेपालीका लागि गौरवको कुरा हो,’ उनले भने । प्रधानमन्त्री दाहालले त्यसलाई राष्ट्रिय सम्पत्तिको संज्ञा दिए । मानव जातिले पशुपालन र कृषिको सुरुआत गरेदेखि नै प्रकृतिको स्वभाव र गतिको नियम पत्ता लगाउने प्रयत्न गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सांस्कृतिक पाटोको बारेमासमेत जानकारी दिएका थिए ।

तामाङलगायत हिमाली र पहाडी क्षेत्रमा बसोबास गर्ने विभिन्न समुदायले घरघरमा तथा सार्वजनिकरूपमा विभिन्न कार्यक्रमसहित सोनाम ल्होछार मनाएका हुन् । यही अवसरमा नेपाल तामाङ घेदुङलगायत संघसंस्थाले टुँडिखेलमा तीन दिन (माघ ६, ७ र ८) गते ल्होछार सांस्कृतिक महोत्सव आयोजना गरेका थिए ।

घेदुङका अध्यक्ष मोहन गोलेका अनुसार ल्होछार सांस्कृतिक पर्वमात्र नभई नयाँ वर्ष पनि हो । ‘ल्हो’को अर्थ ‘वर्ष/वर्ग’ र ‘छार’को अर्थ ‘नयाँ’ हुन्छ । ल्होछार परम्परामा १२ वटा जीवजन्तुको नाममा ल्हो (वर्ग/वर्ष) को नामकरण गरी १२ वर्षको चक्र बनाइएको हुन्छ । सोहीअनुसार प्रत्येक वर्ष ल्हो फेरिने अध्यक्ष गोलेले बताए । यस वर्ष बाघ वर्गलाई बिदाइ गरी बिरालो वर्गलाई स्वागत गरिएको हो ।

सोनाम ल्होछार नेपालमा मात्र नभएर चीन, मंगोलिया, जापान, कोरिया, भियतनाम, लाओस, थाइल्याण्ड, ताइवान, मलेसिया, सिंगापुरलगायतका मंगोल-चिनियाँ सभ्यता पुगेका संसारका सबै महादेश र देशहरूमा मनाइन्छ ।

## झस्को दिँदै...

पृष्ठ १ बाट जारी

यही माघमै हुनेछ । तर, मिति तोकिएको छैन । यसबीच एमालेमा भावी राष्ट्रपतिबारे चर्चा हुन थालेको छ । राष्ट्रपतिको बढी सम्भावित नेताको रूपमा उपाध्यक्ष सुवासचन्द्र नेम्बाङलाई हेरिएको छ । बागमती प्रदेशका पूर्वमुख्यमन्त्री अष्टलक्ष्मी शाक्य, श्रीमान् अमृत बोहरादेखि बागमतीकै अर्का पूर्वमुख्यमन्त्री डोरमणि पौडेल पनि आकांक्षी छन् । ओलीले कसलाई राष्ट्रपतिको उम्मेदवार बनाउलान् ? यकिन भने छैन ।

यता, कांग्रेसबाट भने यसअघि नै राष्ट्रपति हुन चाहने नेताहरू वरिष्ठ नेता रामचन्द्र पौडेलदेखि संस्थापनइतर पक्षका नेता डा. शेखर कोइराला छन् । उनीहरू दुवैले राष्ट्रपति पद हुनैपर्छ भनेर दबाब दिएका कारण अन्ततः देउवाले तत्कालीन सत्ता गठबन्धनमा प्रधानमन्त्रीसँगै राष्ट्रपति दुवै चाहिने भन्दै ‘बटमलाइन’ बनाएका थिए । त्यसपछि वर्तमान प्रधानमन्त्री दाहाल देउवासँग बिच्किए । त्यसकै उपज हो- नयाँ सत्ता गठबन्धन । यो गठबन्धनलाई फुटाउने पक्षमा कांग्रेस छ । कांग्रेससँगको गठबन्धनमा भने नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चा छन् ।

सत्तारूढ गठबन्धनमा भने एमाले, माओवादी, रास्वपा, राप्रपा, जसपा, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, लोसपासहित केही स्वतन्त्र सांसद छन् । अब चुनिने राष्ट्रपति मुलुकको तेस्रो हुने छन् । हाल एमालेकै विद्यादेवी भण्डारी राष्ट्रपति छिन् । उनको यो दोस्रो कार्यकाल हो । यसअघि पहिलो राष्ट्रपति नेपाली कांग्रेसका डा. रामवरण यादव भएका थिए ।

## दुग्ध विकास संस्थान कर्मचारी संघमा यादव

**काठमाडौं (प्रस)–** नेपाल दुग्ध विकास संस्थान कर्मचारी संघको १२औं केन्द्रीय महाधिवेशनले शनिबार विजयकुमार यादवको नेतृत्वमा नयाँ कार्य समितिसमेत चयन गरेको छ ।

महाअधिवेशनबाट वरिष्ठ उपाध्यक्षमा ज्ञानराज राई, महिला उपाध्यक्षमा अलिसा उलक, उपाध्यक्षमा मणिराम फुँयाल र पदमबहादुर खड्का, उपाध्यक्षमा पूर्वक्षेत्रतर्फ ईश्वरचन्द राजवंशी, मध्य क्षेत्रमा सूर्यदेवप्रसाद यादव र पश्चिम क्षेत्रमा वसन्तकुमार राय, महासचिवमा रेवतीप्रकाश सुवेदी र उपमहासचिवमा नीरेन्द्र न्यौपाने निर्वाचित भएका छन् ।


थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

दरभाऊपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशन मितिः ०७९।१०।०९

यस नगरपालिकाको मिति २०७९।०९।१५ को राष्ट्रिय दैनिक हिमालय टाइम्स पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक विद्युतीय माध्यमबाट दर्ता हुन आएका शिलबन्दी दरभाऊपत्रहरू मध्येबाट न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही तपशिलमा उल्लेखित शिलबन्दी दरभाऊपत्रदाताको दरभाऊपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६५ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैका जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | बोलपत्र नं. | कामको विवरण | दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर सहित) रु. |
|---|---|---|---|---|
| १. | Loc/ medicine-09/079/80 | Procurement and supply of medicines(II) | Medicrest pharma pvt ltd, Kumarimarg, Tripureshwor | ५,८२,२६९.२२ |



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन, धनकुटा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०७९।१०।०९)

यस डिभिजनको मिति २०७९।०८।२५ गतेको प्रभाव दैनिक एवं http/www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना नं. ०४-०७९।८०अनुसार (Single Stage Single Envelope) अन्तर्गत रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल वमोजिमका बोलपत्रदाताहरुको बोलपत्र न्यूनत्तम मूल्याँकित सारभूतरुपमा प्रभावग्राही भै स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन ,२०६३ (पहिलो संसोधन२०७३) को दफा २७(२)को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| सि.न. | ठेक्का नं. | छनौट भएका बोलपत्र दाताहरुको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| १ | RD-DKT/33701169/079/80-09 | श्री एडिसन कन्स्ट्रक्सन धनकुटा-२ | रु. २६,५४,३००।०० |
| २ | RD-DKT/33701169/079/80-10 | श्री इस्ट बि.एन.कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | रु. २०,६४,५१२।०० |
| ३ | RD-DKT/33701169/079/80-11 | श्री सुम्निमा -अम्बिका जे.भी.धनकुटा-७ | रु. ३२,५९,८८०।०० |
| ४ | RD-DKT/33701169/079/80-12 | श्री पुजा निर्माण सेवा कोशी-२, सुनसरी | रु. ३२,६०,१८०।०० |
| ५ | RD-DKT/33701169/079/80-13 | श्री निशान कन्स्ट्रक्सन सिमरा-३ बारा | रु. ३०,२८,२२१।०० |
| ६ | RD-DKT/33701169/079/80-14 | श्री भिजन कन्स्ट्रक्सन काठमाण्डौ | रु. ६८,०४,८५३।०० |
| ७ | RD-DKT/33701169/079/80-15 | श्री निशान कन्स्ट्रक्सन सिमरा-३ बारा | रु. ३०,१६,२६७।५० |
| ८ | RD-DKT/33701169/079/80-16 | श्री इस्ट बि.एन.कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | रु. २६,२४,१७०।०० |
| ९ | RD-DKT/33701169/079/80-17 | श्री गंगा कन्स्ट्रक्सन म्याङलुङ-१ तेह्रथुम | रु. २१,६१,७२४।२० |
| १० | RD-DKT/33701169/079/80-18 | श्री इस्ट बि.एन.कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | रु. २५,९९,५२०।०० |

डिभिजन प्रमुख



कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिम

दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना

सुचना प्रकाशन मिति २०७९/१०/०९

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७९/०९/२९ गते प्रकाशित शिलबन्दी दरभाउपत्र आव्हानको सुचना अनुसार तपसीलमा उल्लेखित कार्यका लागि रीतपूर्वक दर्ता हुन आएका शिलबन्दी दरभाउपत्र मुल्यांकन समितिले मुल्यांकन गर्दा निम्न दरभाउपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि पेश भएको हुँदा सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा २ को प्रयो जनका लागि सात दिने दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सुचना सरोकारवाला सबैको जानकारीका लागि यो सुचना जारी गरिएको छ ।

तपसील

| सि.नं. | ठेक्का नं. | कार्यको नाम | स्वीकृत हुने फर्मको नाम | कबोल अंक भ्याट बाहेक |
|---|---|---|---|---|
| १ | HSO/RUK/SQ/ 003/2079/080 | Contract for Supply Ration Sida for admitted Patient | श्री नेशनल मल्टी बिल्डर्स चौर जहारी-०७, रुकुम पश्चिम | १०,६७,९४४.८० |

जानकारीका लागि
श्री रुपक निर्माण सेवा सानीभेरी-०९, रुकुम पश्चिम (सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ (२) को प्रयोजनार्थ)

स्वास्थ्य सेवा कार्यालय रुकुम (पश्चिम)

पोखरा जहाज दुर्घटना

# सेती नदीमा डा. दम्पतीको सामूहिक दाहसंस्कार



लेखनाथ- पोखराको सेती खोँचमा भएको जहाज दुर्घटनामा परी निधन भएका पोखरा-४ गणेशटोल निवासी डाक्टर परिवारको सामूहिक दाहसंस्कार गरिएको छ ।

दुर्घटनाको आठ दिनपछि अस्पतालले परिवारलाई शव बुझाएपछि पोखरा सेती नदीस्थित तुल्सी घाटमा आइतबार उनीहरूको सामूहिक दाहसंस्कार गरिएको हो । काठमाडौंबाट पोखरा आउने क्रममा जहाज दुर्घटनामा परी पोखरा-४ गणेश टोल निवासी एकै परिवारका ३८ वर्षीय डा. सुशील श्रेष्ठ, उनकी श्रीमती डा. सोना श्रेष्ठ र १५ महिने छोराको निधन भएको थियो । सेती नदीमा आइतबार डाक्टर दम्पतीलाई एउटै चितामा दागबत्ती दिइएको छ भने नाबालक छोराको व्रतबन्ध भइनसकेका कारण सेती नदीको किनारमा गाडिएको छ । सुशीलका बुबा मदनकाजी विभिन्न रोग र परिवारको चिन्ताका कारण किरिया बस्न सक्ने अवस्था नहुँदा एक ब्राह्मणलाई किरिया बस्न लगाइएको छ ।

तीन जनाकै शव क्षतविक्षत अवस्थामा थिए । डा. सुशील दुई वर्षदेखि राष्ट्रिय ट्रमा सेन्टरमा अर्थोपेडिक सर्जनका रूपमा कार्यरत थिए । डा. सोना पनि एमडी गर्दै थिइन् । डा. सुशीलले काठमाडौं मेडिकल कलेजबाट एमबिबिएस पढेर चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) बाट अर्थोपेडिक सर्जरीमा एमडी गरेका थिए ।

शोकमा डुबेको परिवारलाई सान्त्वना दिन आइतबार मदनकाजी श्रेष्ठको घरमा थुप्रै छिमेकी जम्मा भएका थिए । परिवारको निधनका कारण मदनकाजीको आँखामा आँसु आठ दिनदेखि थामिएको छैन । घरमा शव ल्याएपछि बुबा मदनकाजीलाई सम्हाल्नै नसकिएको छिमेकी कृषमान पालिखेले सुनाए । सुशीलकी आमा पनि परिवारको सम्झनाले मुर्छित अवस्थामा छिन् ।

विभिन्न रोगसँग लड्दै आएकी श्रेष्ठलाई आइतबार पोखरामा भएको जहाज दुर्घटनाले परिवारमा परेको बज्रपातले झनै कमजोर बनाएको छ । उनका कान्छा छोरा, बुहारी र १५ महिने नातिको पोखराको सोती खोँचमा भएको जहाज दुर्घटनामा परेर निधन भएको हो ।

परिवारसँग बसेर खुसीसाथ माघे संक्रान्ति मनाउने सपना बोकेर काठमाडौंबाट पोखरा आउँदै गरेको यती एयरलाइन्सको एटिआर दुर्घटनाले मदनकाजीका कान्छा छोरा ३८ वर्षीय डा. सुशील, बुहारी डा. सोना र १५ महिने नाबालक नातिको सपना अधूरै बन्यो ।

'आँखामा राखे पनि नबिझाउने, अनुशासित डा. सुशील, उनकी पत्नी र छोराको निधनले गाउँ नै शोकमा डुबेको छ । सबैलाई सम्मान र अनुशासित व्यक्तिको निधनले समाज र गाउँलाई नै टुहुरो बनाउँदो रहेछ,' पालिखेले भने, 'भुल्छु भन्दा पनि उनीहरूले आफूप्रति गरेको माया र सम्मानलाई भुल्नै सक्दिन ।' *रासस*


बागमती प्रदेश सरकार

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**कृषि विकास निर्देशनालय**

**उपोष्ण प्रदेशीय वागवानी विकास केन्द्र**

नुवाकोट, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रथमपटक प्रकाशित: २०७९/१०/०९)**

यस केन्द्रको मिति २०७९/०८/२७ को सूचना अनुसार Construction for staff quarter को लागि E-Bidding मार्फत पेश भएका बोलपत्रहरुको मुल्यांकनबाट तपसिल अनुसारको बोलपत्र स्वीकृतीका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | विवरण | स्वीकृत बोलपत्रदाता | कबोल रकम रु. (मु.अ.कर र कन्टिन्जेन्सी बाहेक) |
|---|---|---|---|---|
| १ | NCB/WORKS/NUW/UPBBK/079/80-01 | Construction of staff quarter | Sulaxan Construction, Bidur-9, Nuwakot | १५,६०,८९४.३० (पन्ध्र लाख साठी हजार आठ सय चौरानब्बे रुपैयाँ तीस पैसा मात्र |

## Khaptad Chhededaha Rural Municipality

Office of The Rural Municipal Executive

Dogadi, Bajura

Sudurpaschim Province, Nepal

## Invitation for Electronic Bids

**Notice No :- 03/2079-080**

**First Date of Publication: 2079/10/09 BS (23rd Jan , 2023AD)**

1. Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive, Dogadi, Bajura invites electronic bids from eligible bidders for following Bids under National Competitive Bidding Procedures. Only eligible bidders should participate in the bidding for the contracts as in the table below. The bid validity period is 90 days from the date of last date of bid submission.

| Contract No. | Description of Work | Cost of Bid Documents | Estimated Amount (NRS.) [Excluding VAT & Contingencies] | Minimum Bid Security Amount | Bid Security Validity Period | Last Date of Bid Submission | Last Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| KCRM/NCB/WR/04/2079-080 | Sudada-Thaamlekh Sadak Starunnati at KCRM, Bajura | 3,000.00 | 1,12,90,175.63 | 3,20,000.00 | Validity up to 120 days from the last date of bid submission | 2079/11/10 (22th Feb.,2023 AD) 12:00 hrs | 2079/11/10 (22th Feb.,2023 AD) 14:00 hrs |
| KCRM/NCB/GD/01/2079-080 | Supply, Delivery and Fixing of Furnished items for Khaptad Chededaha Rural Municipality Building at KCRM-05, Bajura | | 85,25,499.76 | 2,60,000.00 | | | |

2. Only Electronic Bidding through www.bolpatra.gov.np/egp is permitted and Bid shall be submitted on or before 2079/11/10 (Feb 22, 2023) 12:00 Noon for Bid and Bid shall be opened on the same Submission date for Bid at 14:00 Noon at Employer's Office; Khaptad Chhededaha Rural Municipality, Dogadi, Bajura.
3. Eligible Bidders may obtain the further information from Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive, Dogadi, Bajura or may visit PPMO website www.bolpatra.gov.np/egp to download all the bidding documents.
4. Bid Documents Purchase Fee & Bid Security Deposit (Cash/Bid bond) Details:-

| | |
|---|---|
| **Details for Bid Documents Purchase Fee** ***(upload the scanned copy (PDF format) of the bank deposit Voucher.)*** | **Account Name: Rajaswa (revenue) Khata**<br>**Name of Office:** ***Khaptad-Chhededaha Rural Municipality Office, Dogadi, Bajura***<br>**Office Code no.:** ***801076906***<br>**Name of the Bank:** ***Himalayan Bank Ltd., Chhededaha Branch, Bajura.***<br>**Office Account no.:** ***06108109220023*** |
| **Details for Bid Security (Cash/Bid bond) Deposit** ***(Submit Bank Deposit Voucher along with a Bid.)*** | **Account Name: Dharauti Khata**<br>**Name of Office:** ***Khaptad-Chhededaha Rural Municipality Office, Dogadi, Bajura***<br>**Account no.:** ***06108109220014***<br>**Name of the Bank:** ***Himalayan Bank Ltd., Chhededaha Branch, Bajura.*** |

5. If the last date of bid submission falls on government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of submission.
6. The Khaptad Chhededaha Rural Municipality, Office of the Rural Municipal Executive, Dogadi, Bajura reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
7. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.

**Chief Administrative Officer**

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : GARAGE COFFEE CAFÉ TO SERVE DRINKS,**

पूर्व स्वीकृति मिति २०७९/१०/०६ LT No : 279837 चलानी नं ६०१९५३२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३४,५८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | My Coffee | 1 | 0 | 1000 | ३४,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १४ गते (28th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५०० कामदार आफैले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 259407 मिति: २०७९/१०/०७ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७

**CHANDANI MANAGEMENT SERVICES PVT. LTD.**

Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522

E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## UAE मा बैदेशिक रोजगारको अवसर

**कम्पनी: MBR1 Security Service, Dubai, UAE**

पूर्व स्वीकृति मिति :-२०७९।१०।०६ चलानी नं.:-६०१९५३१४ Lt.No. 279795

| सि. नं | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलव AED | मासिक तलव ने.रु. | हप्तामा काम गर्ने दिन | दिनमा काम गर्ने घण्टा | वार्षिक विदा | ओभर टाईम सुविधा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY | 30 | स.काममा दक्ष | 1200 | ४२,५३५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | छ | २ वर्ष |

**Note: Army /Police background will be prioritized.**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | नि:शुल्क |

**अन्तर्वार्ता २०७९ माघ २३ गते (6 Feb., 2023) मेनपावर कार्यालय बालुवाटारमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :- (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । (६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भाबना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला ।

KATHMANDU OVERSEAS PVT. LTD. HUMAN RESOURCES & LOGISTIC SUPPORT Redge No. 265/058/059

श्रम इजाजत नं. २६५/०५८/०५९

**काठमाण्डौ ओभरसिज प्रा. लि.**

बालुवाटार, काठमाण्डौ, फोन नं. ०१-४५४५३९५, ४५४५३९६

Email: kathmandumanpower@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SUPREME CONSTRUCTION & TRADING CO.**

पूर्व स्वीकृति मिति २०७९/१०/०५ LT. No. 279491 चलानी नं. ६०१९५३५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 0 | 1500 | ५३,५४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३५,७०० | | | | | | | |
| 3 | Representative | 3 | 0 | 2500 | ८९,२४५ | | | | | | | |
| 4 | Tile Maker | 1 | 0 | 1200 | ४२,८३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १६ गते (30th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रोजगारदाता आफैले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ५०२/०६१/०६२

**Pandora Incorporation (P.) Ltd.**

Dhumbarahi Height-4, Kathmandu, Nepal, Tel: +977-1-4427419, 4427854

Mobile No. 9860721022, 9808349131, E-mail: info@pandoraincorp.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## राष्ट्रको गौरव डा.रुइतप्रति सम्मान

**डा. सन्दुक रुइत, जो नेपालले गर्व गर्न लायक व्यक्तित्व हुन् । मोतीबिन्दुका कारण आँखाको ज्योति गुमाउँदा अन्धकारमय जीवन बिताउन विवश लाखौं नेपालीको आँखा देखाइदिएका उनले विश्वका अन्य मुलुकहरूमा पनि गएर सेवा गरेका छन् । विश्व समुदायमा नेपालको नाम चिनाउन त्यो पनि चिकित्सा प्रविधिमा उनले पुऱ्याएको योगदानलाई सबैले उच्च प्रशंसा गर्नैपर्छ ।**

**मोतीबिन्दु उपचार गर्ने सरल विधि (इन्ट्राअकुलर लेन्स)को विकास गरेर अन्धोपन हटाउन खेलेको भूमिकाको योगदान गर्दै हालै उनलाई अन्तर्राष्ट्रिय पुरस्कार प्रदान गरिएको छ । बहराइनका राजा सेख हमद विन इसा अल खालिफाले सन् २००९ मा पूर्वराजा सेख इसा बिन सलमान अल खालिफाको नाममा स्थापना गरेको 'इसा अवार्ड फर सर्भिस टू ह्युमानिटी' संस्थाले उनलाई 'इसा अवार्ड'बाट सम्मानित गरेको छ । पुरस्कारको राशि १० लाख अमेरिकी डलर रहेको छ । पुरस्कारले नेपालीलाई संसारको मानचित्रमा नेपालले राम्रो काम गर्दा रहेछ भन्ने देखाएको छ । नेपालीको गौरव बढाएको छ । आफ्नो क्षेत्रबाट नेपालीको आत्मसम्मान, प्रतिष्ठालाई बढाउन उनले पुऱ्याएको योगदान अतुलनीय रहेको छ ।**

**हालै प्रधानमन्त्री पुष्पकमल दाहालले तिलगंगा आँखा अस्पताललाई विश्वविद्यालयका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । तिलगंगा आँखा केन्द्रका निर्देशक डा. रुइतले प्रधानमन्त्री दाहालसँग भेट गर्ने क्रममा यससम्बन्धी चासो राखेपछि प्रधानमन्त्री दाहालले त्यस्तो प्रतिबद्धता व्यक्त गरेका थिए । उनले भनेका थिए, 'तिलगंगा अस्पताललाई विश्वविद्यालयका रूपमा विकास गर्न अत्यन्तै सकारात्मक छु । यससम्बन्धी आवश्यक नीतिगत सुधारका लागि आवश्यक पहल हुन्छ ।'**

**भेटका अवसरमा प्रधानमन्त्री दाहालले मानवीय सेवाका लागि डा. रुइतले हालै मात्र बहराइन सरकारद्वारा प्रदान हुँदै आएको 'इसा अवार्ड' प्राप्त गरेकोमा बधाई दिँदै यो सम्मानले नेपालको शिर उच्चो राखेको बताए ।**

**'यो अवार्डले देशकै सम्मान बढाएको छ । नेपालमा अन्तर्राष्ट्रियस्तरका दक्ष जनशक्ति छन् भन्ने सन्देश दिएको छ' उनले भनेका छन्, 'मानवीय सेवाका लागि तपाईंको योगदानको कदर देशकै कदर हो ।' प्रधानमन्त्री दाहालले आँखाको उपचारका लागि सरकारका तर्फबाट आवश्यक अन्य सबै सहयोग गर्नेसमेत प्रतिबद्धता व्यक्त गरेका थिए । उक्त भेटका अवसरमा डा. रुइतले आँखा उपचारको क्षेत्रमा नेपालले नमूना काम गरेको बताउँदै मोतीयाबिन्दुको उपचारका लागि नेपालमा नै औषधि उत्पादन गर्न सकिने सम्भावनाबारे जानकारी गराएका थिए ।**

**साँच्चै नै डा. रुइतले नमूना काम गरेका छन् । उनी थोरै नेपालीहरूमध्येका एक हुन्, जसले राज्यको मुख नताकि निरन्तर आफ्नो कर्ममार्फत राष्ट्रलाई चिनाउने काम गरे । यस कारण उनीजस्ता व्यक्तित्वप्रति सम्मान र साथ दिनुपर्छ । प्रधानमन्त्री दाहालले तिलगंगा अस्पताललाई विश्वविद्यालय बनाउने घोषणा गर्नु सकारात्मक छ । तर, के साँच्चै यो कार्यान्वयनमा आउला ? भन्ने आशंका जन्माएको छ । यदि कार्यान्वयनमा आए भने यसले पक्कै पनि नयाँ हौसला थप्नेछ । डा. रुइतले जस्तै राज्यलाई विश्वमाझ चिनाउने काममा लाग्न युवाहरूलाई प्रेरित गर्नेछ ।**

मनन्योग्य

### चाणक्य नीति

यसपछि कुलपुरोहितले विधिपूर्वक राज्याभिषेक गरे। हपका तालीसहित राष्ट्रगीत गाइयो । त्यसपछि आ-आफ्ना सामर्थ्यअनुसार उपहार दिने क्रम चल्यो । हीरा पन्ना, मोती, माणिक्य, हात्ती, घोडा, कालीगढीको अदभूत सर्वोत्तमः नमुना उत्तम वस्त्र श्रद्धापूर्वक दिइने भेटले आंगन भरियो ।

घोषणा गर्नेल भेट चढाउने सोमदत्तको नाम पुकारेपछि उसले आफू आसनबाट उठी पहिले आफ्नो परिचय काश्मीरी व्यापारीका रूपमा दियो र भन्यो- 'म मगध सम्राटको सेवामा एक अनुपम उपहार अर्पण गर्दैछु जुन अहिले मणिमाणिक्य र अमूल्य मोतीबाट लिनेछु जसले वास्तवमा महाराज र दरबारियालाई अवश्य आकर्षित गर्नेछ ।'

सोमदेवले चारैतिर चारैतिरबाट ढाकिएको डोलीको पर्दा हटायो । त्यो हटेपछि त्यसबाट एक विश्वमोहिनी युवती बाहिर निस्की । पूर्णयौवना सुन्दरी निलो साडीमा सेतो मोतीको मानाने सुशोभित सुन्दरी देख्ने दिनलाई जति सबै भएर किंकर्तव्यविमूढ भए उसका रूप एवम् लावण्यले सम्पूर्ण एक अज्ञात सम्मोहनमा परे ।

सबैको सम्मोहन सोमदेवका स्वरले भंग भयो । यी परम सुन्दरीलाई म आफ्नो तर्फबाट महाराजालाई उपहार चढाउँछु । कोइलीको जस्तो मला भएकी यी सुन्दरी नाना किसिमका नृत्यमा उत्कृष्ट भएकीले हरेक दृष्टिकोण महाराजको दरबारको शोभा बढाउनेछिन् ।

सबैतिरबाट अद्वितीय उपहारको प्रशसामा वाह-वाहको स्वर सुनिन चन्द्रगुप्त पनि यी सुन्दरी प्राप्तिको हर्ष लुकाउन सकेनन् । उनका मुखबाट उत्ताउलोपना प्रकट भइरहेथ्यो तर आचार्य चाणक्य भने कतै अर्कै दुनियाँमा थिए ।

अचानक चाणक्यले उठ्दै त्यहाँ उपस्थित सबैतिर हेर्दै गम्भीर स्वरमा भने- ' हामी तिम्रा उपहारले प्रसन्न छ । वस्तुत तिम्रो यो उपहार आजका सबै उपहारभन्दा अनौठो छ, हामी यसलाई सहर्ष स्वीकार गर्दछौं ।' *क्रमशः*

# सम्भव छ सफा नेपाल



खेम शर्मा

द्वन्द्वपछिको समाजमा एकता, शान्ति र स्थिरता कायम गर्न सत्यनिरुपण तथा मेलमिलाप आयोग बनेजस्तै सरसफाइको हिसाबले प्राचीनताबाट आधुनिकतातर्फ गइरहेको नेपाली समाजको सफा मानचित्र निर्माण गर्ने एकमात्र उपाय सरसफाइ प्राधिकरण हो । उक्त प्राधिकरणले माथि देखिएको 'सफा नेपालको सुन्दर सपना' पूरा गर्न कम्तीमा निम्न चार काम गर्नेछ । स्पस्ट सरसफाइ नीति निर्माण, कार्यान्वयनको ठोस विधि र मूर्त संयन्त्र निर्माण, तत्काल कार्यान्वयन र प्रत्यक्ष तथा परिणाममुखी अनुगमन । यी चार कामकाबारेमा विस्तृत व्याख्या गर्न हामीले समयमात्र लगानी गर्नुभन्दा पनि योजना निर्माणमा लाग्दा सफा नेपाल सम्भव हुनेछ ।

तपाईं बिहान स्वस्थ श्वास फेर्दै आफ्नो विस्ताराबाट उठ्नुहुनेछ र आफैं विस्तारा मिलाएर सफा घरबाट 'मर्निङ वाक'का लागि निस्कनुहुनेछ । बाहिर निस्केपछि तपाईं सफा भइसकेको बाटो र टोलका सफाइ मजदुरलाई धन्यवाद दिँदै अगाडि बढ्नुहुनेछ । 'मर्निङ वाक'बाट फर्केपछि सफा बाथरुममा नुहाइ आफ्नो काम गर्ने स्थानमा पुग्दा घर जत्तिकै सफा पाउनुहुनेछ र सफा विचारले आफ्नो सुन्दर जिम्मेवारी पूरा गर्नुहुनेछ । हरेक साँझ आरामको निद्रा पाउनुहुनेछ तपाईं आफैंले बिहान ठीक हालतमा राखेको विस्तारामा । तपाईं हरेक राति सफा र सकारात्मक विचार लिएर सुत्नुहुनेछ र मिठो निद्रा निदाउनुहुनेछ । अनि बिहानको दैनिकी पनि माथिजस्तै सुरु हुनेछ ।

नेपालका हिमाल पहाड तराईका हरेक बस्तीमा सफा र 'अर्ग्यानिक' भोजनालय हुने छन् । त्यहाँ सफा र मिठो खाना खान पाइनेछ । सेफहरूले पाहुनालाई सफा भान्सा देखाउने छन् (विदेशतिर हिजोआज 'ओपन किचेन' भन्ने गरिएको) र मिठो खाना पस्कने छन् । सफा ठाउँमा बसेर मिठो खाना खाने पाहुनाको मिठो सपना पनि पूरा हुनेछ । यही हो हाम्रो स्वच्छ नेपाल, जहाँ विद्यालयका छात्रछात्रा, कार्यालयका महिला कर्मचारी र आफ्नो काममा हिँडेका बटुवा महिला सफा शौचालयमा शौच गर्न पाउने भएकाले घरबाट पर्याप्त पानी पिएर यात्रामा निस्कने छन् । गुडिरहेको गाडीबाट कुनै यात्रुले फोहोर जथाभावी फाल्ने छैनन् । सार्वजनिक स्थानमा अनिवार्य फोहोर संकलन गर्ने टोकरी (बिन) हुने छन् र ती नियमित तालिकाअनुसार खाली र सफा गरिएको हुनेछ । संकलित फोहोर खेर फालिने छैन । सबै घर, कार्यालय, विद्यालय, स्वास्थ्यचौकी, कलकारखानाको फोहोर बस्तीभन्दा अलि टाढा कुहिने र नकुहिने गरी अलगअलग टोकरीमा छुट्याएर राखिने छ । कुहिने फोहोरले मल र ऊर्जा उत्पादन गरी गाउँघर मलिलो र उज्यालो बनाइनेछ भने नकुहिने वस्तुको उचित सदुपयोग गरी पुनःप्रयोग गर्न मिल्ने बनाइनेछ ।

देश जोड्ने लामा, छोटा राजमार्गका समुचित दूरीमा सफा शौचालयहरू हुने छन् । एउटा गाउँसहरको फोहोर अर्को गाउँसहर बोकेर लैजानुपर्ने छैन । भवन, नदी, खोलानाला, करिडोर सबै सफा, सुन्दर र प्राकृतिक बास्नादार हुने छन् । श्रदालुहरूका लागि मठ, मन्दिर, चैत्य गुम्बा, चर्च सबै उनीहरूका मनजस्तै सफासफा हुने छन् । अनि हामी भन्नेछौं- यही हो हाम्रो स्वच्छ सफा नेपाल, हाम्रो देश ।

हरेक धाराको पानी हिमालको जस्तै निस्फिक्री पिउन मिल्नेगरी सफा हुनेछ । हरेक हिमाल उक्लँदा र ओर्लंदा हामीले मानव निर्मित फोहोरका भारी निर्दोष हिमाललाई बोकाउने छैनौं । हाम्रो देशमा जन्म लिने हरेक शिशुले सफा र स्वस्थ सासको झोक्का लिने छन् । सफा हुनेछ हाम्रो धर्ती । हाम्रो माटो र मातृभूमि । सरसफाइका लागि हामीसँग व्यावहारिक कानुन र नियम हुने छन् र ती नियमहरू हामी कसैलाई दण्डित गर्न लागू हुने छैनन् । किनभने, विनादण्ड जरिवाना नै सफा नियम सफा नियतमा बद्लिने छन् र हाम्रो समाज सदा सफा रहनेछ । त्यसैले सम्भव हुनेछ सफा समाज अनि सफा नेपाल ।

माथि व्यक्त विचार कल्पना र भावनाका उपज होइनन् । नत यी कुनै साहित्यिक रचना नै हुन् । यी पूर्णरूपले सम्भव विचार मात्र हुन् । किनभने, हामीले 'सफा नेपाल सम्भव छ' भनेर सोच्नुको कारण पनि यही हो कि यो निसन्देह सम्भव छ । यो आधुनिक यान्त्रिक विज्ञानको जटिल अनुसन्धान नभएर हाम्रो नियमित जीवन शैलीलाई नियमन गरेर हाम्रो स्वस्थ्य मन र हृदयले खोजेको र गर्नसक्ने काम हो, सुन्दरता कल्पनामात्रै होइन ।

एउटा बहस गरौं- नेपालको गाउँदेखि सहरसम्म व्याप्त फोहोरमैलासहितका समस्यासँगै समाधानका सम्भावना खोज्ने के हुन सक्छन् ? यसका सम्भव र सकारात्मक उपायहरू किन अवलम्बन नगर्ने ? यो बहसले एकल प्रयासभन्दा माथि उठ्दै सामूहिकरूपमा अठोट गर्ने अवस्था सिर्जना गर्नेछ । यदि यसो भयो भने विश्वका उत्कृष्ट सफा सहर र देशमा नेपाललाई समाहित गर्न किन धेरै समय पनि लाग्ने छैन ।

फोहोर व्यवस्थापन र फोहोर पानी शुद्धीकरणसँगै पर्यावरणीय कामहरूका आधारमा सफा देशको सूचीकरण हुने गर्छ । सन् २०२३ लाग्नेबित्तिकैको ग्लोबल सफा इन्डेक्सअनुसार विश्वमा स्वीट्जरल्याण्ड सफा देशको अग्रस्थानमा छ भने नेपाल 'टप १००' देशभित्रको सूचीमा पनि छैन । जबकि, कुनैबेला विश्वकै बढी फोहोर भएका देशको सूचीमा रहेर चिनिएका कतिपय देशहरूले एक दशककै प्रयासमा आफ्नो देशलाई सफा देशको सूचीमा राख्न सफल भएका छन् । सफा सूचीको ४२औं स्थानमा रहेको कोलम्बिया र ७० औं स्थानमा रहेका श्रीलंकाबाट नेपालले धेरै कुरा सिक्न सक्छ । यी देशहरूले पछिल्ला २० वर्षमा फोहोर व्यवस्थापन र पानी शुद्धीकरणमा सुरक्षा क्षेत्रमा जति नै लगानी गरेको पाइन्छ ।

सफा नेपाल सम्भव बनाउनका लागि हामी नेपालीमा रहेको बेवास्ता, लापरवाही तथा समस्याकैबीचमा सम्झौता गरेर बाँच्ने स्वभाव भने परिवर्तन गर्नैपर्छ । यो परिवर्तन सरकारमा बस्नेदेखि प्रतिपक्ष र तटस्थ बस्नेसम्म सबैमा समान ढंगले आउनु आवश्यक छन् । नेपाल प्रकृतिले दिएका अनुपम सम्पदाहरूले भरिपूर्ण देश हो । विश्वका मानिस नेपाललाई प्रकृतिको स्वर्ग भन्छन् । हामीसँग विश्वमा अरु कसैसँग नरहेको हावा, पानी र वनौषधिहरू छन् । हाम्रा हिमालमा स्वस्थ, सफा र स्वच्छ हावापानी छ । अधिकांश नदीहरू हिमालबाटै उत्पत्ति भएर बगेका छन् । पर्यावरणका यति धनी हामी सरसफाइका मापदण्डमा विश्वसामु सफा परिचयको पर्याय बन्न भने सकेका छैनौं । संसारकै सफा देशको सूचकांकको सर्वाधिक अग्रस्थानमा उभिन नसक्नु पक्कै पनि खुसीको कुरा होइन ।

### आफ्नो कथा आफ्नै अनुभव

'सम्भव छ सफा नेपाल' अभियानको सुरूआत हामी आफ्नै अनुभवबाट गर्न चाहान्छौं । यहाँहरू धेरैलाई थाहा छ या बिर्सिनुभयो केही वर्षअघि अस्ट्रेलियाबाट नेपाल फर्कंदा हामीले नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलामा गरेको सफाइ अभियानको चौतर्फी प्रशंसा भएको थियो । त्यो सफाइबाट हामीले सफाइ कस्तो हुन्छ भन्ने एउटा नमूना नै प्रस्तुत गरेका थियौं । अन्तर्राष्ट्रिय विमानस्थल विश्वका नागरिक नेपाल आउने र फर्किने प्रवेशद्वार भएकाले हामीले सबैसामु सफाइको नमूना पेस गर्न पनि विमानस्थल छानेका थियौं । पहिलोपटक नेपाल अएको कोही विदेशीले नेपाल प्रवेश गर्नासाथ उसलाई हाम्रो देशप्रतिको दृष्टिकोण राम्रो बन्न सकोस् भनेर पनि हामीले त्यो काम गरेका थियौं ।

त्यो हाम्रो कामबाट हामीले प्रशंसा पाएपछि अर्थात् सबैले राम्रो मानिदिनुभएपछि हामीले नेपालका सबै सम्माननीयसहित तीन सयभन्दा बढी राष्ट्रिय व्यक्तित्वको हस्ताक्षर संकलन गरी तत्कालीन प्रधानमन्त्रीलाई बुझाएपछि नेपाल सरकारले वि.सं. २०७५ लाई राष्ट्रिय सरसफाइ वर्ष घोषणा गरेको थियो । त्यसपछि नेपालको पर्यटन मन्त्रालयले सन् २०२० मा नेपालका दुई दर्जन विमानस्थलको सरसफाइको अनुगमनको जिम्मेवारी दियो र त्यो पनि हामीले नै सफलतापूर्वक सम्पन गरेका थियौं । मलाई लाग्छ देशका विभिन्न विमानस्थलमा एक हदसम्मको सफाइको मापदण्ड हामीले स्थापित गराएका थियौं । तर, विमानस्थल प्रशासनहरूले त्यो गुणस्तरलाई कायम राख्न भने नसकेका देखिएकै छ ।

सरसफाइको अनुगमनपछि नेपालमा सरसफाइको खास समस्याको सम्बोधन गर्न २०२२ मा नेपाल सरकार पर्यटन मन्त्रालयको आयोजनामा हामीले सफाइकर्मीहरूका लागि आफ्नो पेसाप्रति गौरव गर्ने र सीपको मूल्यांकन हुनेगरी पहिलोपटक तालिम सञ्चालन गर्यौं । हाम्रो यो अभियानबाट हाल एक हजारभन्दा बढी मजदुर तालिमप्राप्त भइसकेका छन् र उनीहरू आ-आफ्नो काममा छन् । हामी चाहन्छौं हरेक वर्ष राष्ट्रपतिले प्रदान गर्ने विभूषणमा अब सफाइकर्मीको पनि सम्मान हुनुपर्छ । सफाइकर्मी आफ्नो पेसाप्रति गौरव गर्न थालेका छन् र उनीहरूसँग यो पेसासँग सम्बन्धित सीप भएको प्रमाणपत्र छ । यसरी हेर्दा त लाग्छ नेपाली समाजले सफाइकर्मीहरूलाई हेर्ने दृष्टिकोणमा नै परिवर्तन आएको छ । हिजोको सफाइकर्मीको परिभाषा आज बदलिएको छ ।

### सम्भव छ समाधान

सरसफाइको बहस नेपालको चुलोचौकादेखि सर्वोच्च निकायसम्म स्थापित गरिसकेपछि अब सफा नेपाल यसरी सम्भव छ भन्ने कुरातिर लागौं । नेपाल प्राकृतिकरूपमा सफा र उज्यालो छ तर यहाँका धेरैजसो मानवबस्ती भने फोहोर र दुर्गन्धित छन् । हामीले स्वीकार गर्नैपर्ने तीतो सत्य हो यो । नेपाललाई अझै पनि सुनको चराको उपमाले चिनाउँदा कुनै गल्ती हुँदैन । यहाँका प्राकृतिक वैभव र धर्म संस्कृतिभित्रका रैथाने भाषा, साहित्य एवं पहिचान, अतिथि सत्कार आफैंमा दुर्लभ सौन्दर्य हुन् । तर, खानपानदेखि बसाइ व्यवस्थापनसम्मका क्षेत्रमा हामीले सिक्न नपर्ने कुरा विदेशी राष्ट्रहरूको सिको गर्नाले र सिक्नपर्ने कुरा नसिक्नाले हामीले अव्यवस्था र फोहोर मात्र निम्त्याएनौं उल्टै आफ्नोपनबाट नै हामी विमुख हुँदै छौं ।

हाम्रो देशमा अझै पनि नीति निर्माणको तहमा हेर्ने हो भने सरसफाइलाई पहिलो प्राथमिकतामा राखेर नीति बन्दैनन् । नत यो प्राथमिकताबाट योजना र कार्यक्रमहरू नै बन्छन् । हाम्रो देशको राजधानी, अन्य सहर वा गाउँ होस् वा गल्ली वा इलाका होस्, जहाँ पनि फोहोर जथाभावी फालेको पाइन्छ । हाम्रो देशलाई विकासको सूचकांकमा माथि उठाउन नदिने धेरै तत्त्व र वस्तुहरूमध्ये फोहोरको अव्यवस्था पनि एक हो भन्दा फरक पर्दैन । किनभने, फोहोरकै कारण हामीकहाँ आएका विश्वका महँगा र महत्त्वपूर्ण पाहुनाहरू दोहोऱ्याएर आउन नरुचाएको पनि हुनसक्छ । के यसतर्फ हामीले सोचेका छौं ? के यस्ता विषयमा अनुसन्धान गर्न हामीले फुर्सद र स्रोत निकाल्न सकेका छौं ? अहँ, छैनौं ।

दुःखका साथ भन्नुपर्छ, यहाँ धेरैले धेरै कुरा गरे पनि देशलाई पूर्णतया स्वच्छ बनाउन सफा सपना भयको व्यक्ति अझै भेटिएको छैन । पाँच वर्ष लगातार टिक्न नसकेका हाम्रा दर्जनौं सरकारले सरसफाइका क्षेत्रमा सामान्य कुरा मात्रै गरेका छन् तर एउटा ठोस काम भने गरेका छैनन् । मलाई लाग्छ आज मैले यसो भन्नु भनेको आरोप नभएर खबरदारी मात्र हो । विगतमा यी विषयमा राष्ट्रियस्तरका योजना नबनेका होइनन् र अभियान नचलेका पनि होइनन । तर, यसले निरन्तरता पाएको देखिएन । सहर र बस्तीका हरेक स्थानमा फोहोर संकलन गर्ने टोकरी (बिन) राख्ने कुरा गरियो र राखियो पनि । तर, त्यो बिनभित्रको फोहोर त्यहाँबाट भोलिपल्टै अर्थात् दैनिक हटाउनेबारेमा भने सोचेको देखिएन ।

आज पनि हाम्रो देशका गाउँमा थोरै घरमा मात्रै शौचालयको सुविधा छ । आज पनि मानिस गाउँघरमा दिसा गर्न खुला स्थलमा बाहिर निस्किने चलन कतैकतै देखिएकै छ । प्लास्टिकका झोला र बोटलहरू गाउँघर, खेतीपातीसम्मै पुगेका छन् । सहरको कुरा गर्ने हो भने पर्याप्त सार्वजनिक शौचालय नै छैनन् । शौचालय भए पनि सफा छैनन्, उल्टै रोग भित्रचाउने किराहरू बग्रेल्ती देखिन्छन् । कलकारखानाबाट निस्कने फोहोर, ढल, घरेलु फोहोर धेरै छ तर यसको लेखाजोखा नै छैन । यस्तो फोहोर सडकमा यति धेरैमात्रामा अव्यवस्थित छ कि कतैकतै त हाम्रो देशको सडक नै देखिँदैन, फोहोरमात्रै देखिन्छ । त्योभन्दा दुःखको कुरा त यो फोहोर हाम्रा पवित्र नदीमा पनि बग्छ । सरकारको अनुहार देखिने सरकारी निकाय वा मन्त्रालय गयौं भने शौचालय सोध्न पर्दैन, गन्धबाटै भेउ पाउन सकिन्छ । शौचालय दाया कुनामा छ कि बायाँ नाक थाप्दै जाँदा आफैं भेटिन्छ ।

नेपालमा अर्बौं लगाएर निर्माण भएका भवन उद्घाटन गर्दा थुप्रिएको फोहोर अर्को दिनसम्म सफा नभएका उदाहरण पनि धेरै छन् । सत्तामा कसरी पुग्ने भन्ने खेलका समाचारहरू दिनदिनै पढ्न पाइन्छ तर देशको स्वास्थ्य र सभ्यतासँग जोडिएको सरसफाइका बारेमा नेताका एजेण्डा जनताले सुन्न पाएका छैनन् । कतै घोषणापत्रमा सुनेका भए पनि व्यवहारमा देख्न पाएका छैनन् । यस्तो लाग्छ कि नेपालमा सरसफाइ भनेको केही सफाइकर्मीको रोजगारीसँग र केही अभियन्ताको अभियान सँगमात्रै जोडिएको सामान्य विषय मात्र हो ।

देश सफा गर्ने जिम्मा सफाइकर्मीको मात्र हुँदै होइन । सरकारको नीति र आमनागरिकको भूमिका प्रमुख विषय हुन् । यसका लागि हामीले हाम्रो सोच नै परिवर्तन गर्नुपर्छ । सोच परिवर्तन गर्न सही नीतिका साथ एउटा स्पष्ट योजना र पुग्नुपर्ने लक्ष्य निर्धारित हुन आवश्यक छ । नीति निर्माण गर्दा निर्धारण गरिएका मापदण्डअनुसारको परिणाम देखिनुपर्छ । यी नीतिको अभ्यास नै हुन सकेन, कार्यान्वयनको त झन् के कुरा गर्नु ।

### निष्कर्ष : सरसफाइ प्राधिकरण

सरकार र नागरिकस्तरमा सरसफाइ अभियानहरू उद्देश्य प्राप्त नभएसम्म निरन्तर चलिरहनुपर्छ । त्यसका लागि सरसफाइ मात्रै हेर्ने अधिकार सम्पन्न प्राधिकरण बनाउन आवश्यक छ । उक्त प्राधिकरणले नेपालको सरसफाइको आजसम्मको अवस्थाको मूल्यांकन गरेर भविष्यमा नेपालले गर्नुपर्ने स्पष्ट मार्ग चित्र बनाएर लागू गर्नसक्छ । 'सफा नेपाल सम्भव' बनाउन यस विषयका विज्ञ, अभियन्ता र जिम्मेवार सरकारी निकायको सहभागिता रहने उक्त प्राधिकरण बन्नु नै अहिलेको महत्त्वपूर्ण आवश्यकता हो । यो बनाउन ढिला गर्नु पनि हुँदैन ।

द्वन्द्वपछिको समाजमा एकता, शान्ति र स्थिरता कायम गर्न सत्यनिरूपण तथा मेलमिलाप आयोग बनेजस्तै सरसफाइको हिसाबले प्राचीनताबाट आधुनिकतातर्फ गइरहेको नेपाली समाजको सफा मानचित्र निर्माण गर्ने एकमात्र उपाय सरसफाइ प्राधिकरण हो । उक्त प्राधिकरणले माथि देखिएको 'सफा नेपालको सुन्दर सपना' पूरा गर्न कम्तीमा निम्न चार काम गर्नेछ । स्पस्ट सरसफाइ नीति निर्माण, कार्यान्वयनको ठोस विधि र मूर्त संयन्त्र निर्माण, तत्काल कार्यान्वयन र प्रत्यक्ष तथा परिणाममुखी अनुगमन । यी चार कामकाबारेमा विस्तृत व्याख्या गर्न हामीले समयमात्र लगानी गर्नुभन्दा पनि योजना निर्माणमा लाग्दा सफा नेपाल सम्भव हुनेछ । यी र यस्तै अन्य एजेन्डाहरूमा बहस त हामी गर्ने नै छौं । तर, सफा जमिनमै उभिएर सफा श्वास फेर्दै बहस गर्न पाए कति जाति हुन्थ्यो होला ? *रासस*

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# लोभ देखाएर नागरिकता, राहदानी लिने मान्छेदेखि सावधान

■ प्रभाव संवाददाता

**काठमाडौं-** सामाजिक सञ्जालबाट सम्पर्कमा आइ 'लोभ' देखाएर नागरिकता र राहदानी लिने तथा नगद माग गर्ने व्यक्तिदेखि विशेष सावधानी रहन प्रहरीले सबैमा अनुरोध गरेको छ।

पछिल्लो समयमा बैंकिङ कसुर मुद्दामा वृद्धि भएको तथा वैदेशिक रोजगार, अध्ययनमा जानुपूर्व बैंक ब्यालेन्स, नेपाली राहदानी, नागरिकता प्रमाणपत्रलगायतका कागजात आवश्यक पर्ने भनी ठगी गर्ने गिरोह सक्रिय रहेको भन्दै त्यसतर्फ सचेत हुन काठमाडौं प्रहरीले सबैमा सूचित गरेको छ। सामाजिक सञ्जालको प्रयोग गरी विदेश पठाउनेलगायत उल्लेख गरी विज्ञापन प्रकाशित गर्ने पैसा माग्ने, नागरिकता र राहदानी लिने र ठगी गर्ने गरेको उजुरी प्राप्त भएको भन्दै जिल्ला प्रहरी परिसर काठमाडौंले छ बुँदे अनुरोध सार्वजनिक गरेको छ।

